# तादी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

खरानीटार, नुवाकोट

**आन्तरिक आयको ठेक्का सम्बन्धी सिलबन्दि बोलपत्र आह्वानको सूचना**

(प्रथम पटक प्रकाशित मिति २०७६।०३।२४  गते)

(दोस्रो पटक प्रकाशित मितिः २०७६ भाद्र १२ गते)

**तेस्रो पटक प्रकाशित मितिः २०७६ मंसिर ११ गते**

**आ.व. २०७६/०७७ को नदीजन्य सामाग्रीको संकलन तथा विक्रि कर**
**एवं कवाडि तथा अन्य सामाग्रीहरुको निकासी कर उठाउने ठेक्का बन्दोबस्त सम्बन्धी सूचना**

स्थानीयस सरकार संचालन ऐन २०७४ तथा तादी गाउँ कार्यपालिकाको कार्यालयको मिति २०७६/०३/१८ गतेको निर्णय बमोजिम, आ.व. २०७६/०७७ को लागि तादी गाउँपालिकाको क्षेत्राधिकार भित्र रहेका देहाय बमोजिमका शिर्षकहरुमा ठेक्का बन्दोबस्ती गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक कम्पनी तथा फर्महरुले यो सूचना तेस्रो पटक प्रकाशित मितिले ७ दिनभित्र (मिति २०७६।०८।१७ गते भित्र) यस कार्यालयको कृषि विकास बैङ्क खरानीटार शाखामा रहेको संचित कोष खाता नं. ०२१३३००९८५८४००१३ मा वोलपत्र दस्तुर वापतको रु ३०००।०० (तिन हजार मात्र) (फिर्ता नहुने गरी) नगद जम्मा गरेको भौचरको सक्कल कपी/प्रति र चालु आ.व. सम्मको नविकरण भएको ईजाजतपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. ०७४/०७५ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु (नोटरी) संलग्नगरी तथा उक्त कार्य गर्न योग्य भएको स्व घोषणा पत्र सहित बोलपत्र फारम भरी आठौं दिन (मिति २०७६।०८।१८) दिनको १२:०० बजेसम्म आफूले कबोल गरेको अङ्कको ५% धरौटी रकम कृषि विकास बैङ्क शाखामा रहेको धरौटी खाता नं. ०२१३३००९८५८५००१९ मा नगदै दाखिला गरेको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैकबाट मान्यता प्राप्त क वर्गको बाणिज्य बैंकहरुबाट जारी भएको १२० दिन म्याद भएको सक्कलै बैक ग्यारेन्टी (Bid Bond) संलग्न राखी यस कार्यालयमा तोकिएको समय भित्र पेश गर्न सकिनेछ । रीतपूर्वक पर्न आएका बोलपत्रहरु आठौं दिन दिनको १:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधि र नेपाल सरकारको कार्यालयका प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आशिंक रुपमा स्वीकृत गर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । पारित भएका करका दररेट बोलपत्र फारम साथ उपलब्ध गराइने छ र अन्य विस्तृत जानकारीका लागि यस कार्यालयको राजश्व शाखामा सम्पर्क राख्नहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशील

| ठेक्का नं. | विवरण (शीर्षक) | उत्खनन् परिमाण ( क्यु फिट) | कूल न्यूनतम अङ्क (मु.अ.कर बाहेक) | बोलपत्र दस्तुर रु. |
|---|---|---|---|---|
| ०१/आन्तरिक आय/२०७६/०७७ | नुवाकोट जिल्ला, तादी गाउँपालिकाको क्षेत्राधिकार भित्र रहेका नदीहरुबाट संकलन र विक्री हुने ढुङ्गा, बालुवा, गिट्टी, ग्राभेल, स्लेट ढुङ्गा, आदि नदीजन्य पदार्थहरु र कवाडी एवं अन्य वस्तुमा कर असूल गर्ने<br>क. ढुंगा, गिटी, वालुवा, ग्राभेल संकलन र विक्री कर प्रति क्यु फिट रु ९।०० का दरले | ३४४४४५ | रु ३१,००,०००।०० (एकतिस लाख मात्र) | रु ३००० (तिन हजार) |
| | ख. कवाडी तथा अन्य वस्तुमा निकासी कर रु ..............................<br>१. व्लक प्रति गोटा रु. ०.५० (पचास पैसा)<br>२. पानी प्रति लिटर रु. ०.१५ (पन्ध्र पैसा)<br>३. पानी प्रति जार रु. १.०० (एक रुपैंया)<br>४. मदिरा सिसी प्रति गोटा रु. ०.५० (पचास पैसा)<br>५. प्लास्टिक जन्य पदार्थ प्रतिकेजी रु. ०.५० (पचास पैसा)<br>६. फलाम प्रति केजि रु. २.०० (दुई रुपैंया)<br>७. सिलौट, जस्ता प्रति केजी रु २.०० (दुई रुपैंया)<br>८. तामा, पित्तल प्रति केजी रु ३०.०० (तिस रुपैंयाँ)<br>९. कागज प्रति केजी रु. ०.२५ (पच्चिस पैसा)<br>१०. हाड सिङ खुर प्रति केजी रु. २.०० (दई रुपैंयाँ)<br>११. इटा लोकल प्रति गोटा रु. ०.२५ (पच्चिस पैसा)<br>१२. इनारको रिङ प्रति गोटा रु. ५.०० (पाँच रुपैंयाँ)<br>१३. काठ प्रति क्यूफिट रु.३०.०० (तिस रुपैंयाँ) | | रु १०००००।०० (एक लाख मात्र) | |

| | | | | |
|---|---|---|---|---|
| | १४. कु. काठ प्रति क्यू फिट रु. १०.०० (दश रुपैयाँ)<br>१५. दाउरा प्रति केजी रु. ०.१० (दश पैसा )<br>१६. बाँस प्रति घना रु. २.०० (दुई रुपैयाँ)<br>१७. माटो प्रति क्यू फिट रु. ०.२५ (पच्चिस पैसा)<br>१८. अन्य प्रति केजी रु. १.०० (एक रुपैयाँ)<br><br>(नोटः उल्लेखित दरमा मुल्य अभिबृद्धि कर [VAT] समावेस छैन । | | | |
| | कुल जम्मा | | रु ३२,००,०००।००<br>(बत्तिस लाख मात्र ) | |

**शर्त तथा बन्देज**

१. तेस्रो पटक सूचना प्रकाशित भएको मितिले आठौं दिनको १२.०० बजेसम्म आवश्यक कागजपत्र संलग्न गरि सिलबन्दी गरि यस कार्यालयमा बोलपत्र पेश गर्न सकिने छ ।

२. नेपाल सरकार, ३ नं. प्रदेश सरकार र तादी गाउँपालिकाले समय समयमा दिएको निर्देशन बोलपत्रदाताले पालन गर्नु पर्नेछ ।

३. ठेकेदार र गाउँपालिका बीच ठेक्का शर्त सम्बन्धमा कुनै बिवाद उठेमा कार्यपालिकाको निर्णय अन्तिम र मान्य हुनेछ । यसमा ठेकेदारको कुनै उजुर लाग्ने छैन । बोलपत्र स्वीकृत भई सम्झौता हुँदा वातावरण संरक्षण ऐन, नियमावली लगायत प्रचलित ऐन नियम अनुसारका शर्त तथा बन्देज समेत पालन गर्नु पर्नेछ ।

४. फर्मले कबोल गरेको अंकको मू.अ.कर बापतको रकम चौमासिक रुपमा सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा बुझाई सो को प्रमाण प्रत्येक चौमासिक भुक्तान भएको महिना दिन भित्र गाउँपालिकामा बुझाउनु पर्नेछ र अन्य कर शुल्क लागेमा ठेकेदार आफैंले असूल गरी प्रचलित कानून बमोजिम दाखिला गर्नु पर्नेछ ।

५. स्वीकृत ठेक्का अंकको पुरै रकम सम्झौताको बखत एकमुष्ठ बुझाउन चाहेमा कबोल अंकको १० प्रतिशत सम्म छुट दिन सकिनेछ । एकमुष्ठ रकम नबुझाएमा प्रथम किस्ता ४० प्रतिशत रकम, एकमुष्ट ठेक्का सम्झौता अगावै जम्मा गर्नु पर्नेछ । बाँकी ६० प्रतिशतले हुने रकमको लागि २०७६/०७७ को आषाढ मसान्तसम्म म्याद भएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त क वर्गको वाणिज्य बैंकबाट जारी भएको बैंक जमानत पेश गरेपछि मात्र ठेक्का संझौता गरिनेछ र किस्ता रकम ठेक्का सम्झौतामा तोकिए बमोजिम बुझाउनु पर्नेछ ।

६. तोकिएको किस्ता म्याद भित्र नबुझाएमा गाउँपालिकाको तर्फबाट ठेक्का तोडी बाँकी रहेको किस्ता बैंक ग्यारेण्टीबाट असूल उपर गर्ने गरी कानूनी प्रक्रिया अपनाइनेछ । असूल गर्न बाँकी रकममा १० प्रतिशत थप क्षतिपूर्ति स्वरुप असूल उपर गर्न सकिनेछ ।

७. कुनै शर्त राखी पेश गरेको, हुलाक मार्फत पठाएको र रीत नपुगेको बोलपत्र माथि कुनै कारबाही गरिने छैन ।

८. परिस्थितिजन्य कारण देखाइ ठेक्का रकममा मिनाहा वा छुट दावी गर्न पाइने छैन ।

९. ईट्टाको हकमा गाउँपालिका क्षेत्रमा उत्पादित लोकल इटाको मात्र लिन पाईनेछ ।

१०. बोलपत्र पेश गर्ने फर्म वा कम्पनीले आफ्नै नामको फर्मबाट पेश गर्नु पर्नेछ । अन्य कुनै फर्म वा कम्पनीको नामबाट पेश गरेको बोलपत्र मूल्यांकनमा समावेश गरिने छैन ।

११. ठेक्का अवधि गाउँपालिकासंग संझौता भएको मिति देखि २०७७ को आषाढ मसान्त सम्म रहनेछ ।

१२. यो सूचनामा उल्लेख भएकोमा यसै बमोजिम र उल्लेख नभएको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

१३. बोलपत्र पेश गर्ने एबम् खोल्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सो दिनपछि कार्यालय खुलेको दिन दिनको १२ बजे सम्म दाखिला गर्ने तथा सोहि दिनको १ बजे बोलपत्र खोल्ने समय कायम हुने छ ।

प्रमुख प्रशासकिय अधिकृत